# निर्वाचन प्रकृयामा सही सूचना प्रवाह सम्बन्धमा दिइएको निर्देशन सम्बन्धी प्रेस विज्ञप्ति

स्थानिय तहको निर्वाचनको मिति घोषणा भई निर्वाचनको प्रक्रिया शुरु भइसकेको छ। निर्वाचनको क्रममा सही, तथ्यगत र अधिकारिक सूचनाको महत्व स्वाभाविक रुपमा बढी हुन्छ । भ्रामक र गलत सूचना, समाचार तथा अफवाहले स्वतन्त्र, निष्पक्ष तथा स्वच्छ रुपमा हुनुपर्ने निर्वाचनमा नकरात्मक असर पर्ने संभावनालाई ध्यानमा राखी राष्ट्रिय सूचना आयोगले २०७८ चैत २८ गते निर्वाचन प्रक्रियामा सही सूचना प्रवाह विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा आयोगका पदाधिकारी तथा कर्मचारीका साथै राजनैतिक दलका प्रतिनिधिहरू, विज्ञहरू, विभिन्न सञ्चारमाध्यमका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

आयोगले आयोजना गरेको उल्लेखित अन्तरक्रिया कार्यक्रममा पेश भएका कार्यपत्रहरूमा दिइएका सुझावहरू र सहभागीहरूले उठाएका विषयहरू बारेमा आयोगको वैठकमा छलफल भयो । सूचनाको हकसम्बन्धी कानूनमा भएका प्रावधान, प्रचलित कानूनी व्यवस्था तथा प्राप्त सुझावहरूको आधारमा देहाय बमोजिम गर्न गराउन नेपाल सरकारका सार्वजनिक निकायहरूका हकमा नेपाल सरकारका मुख्य सचिव मार्फत र निर्वाचन आयोगका हकमा आयोगका सचिवका नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ग) र (ङ) बमोजिम निर्देशन दिने निर्णय र राजनैतिक दलहरु र सर्वसाधारणमा देहाय बमोजिम अनुरोध एवं आव्हान गर्ने निर्णय गरेको छ ।

**(क) निर्वाचन आयोगका हकमा**

- मतदाता शिक्षालाई थप प्रभावकारी र व्यापक बनाउन अधिकतम मतदाता समक्ष पुग्ने व्यवस्था मिलाउने ।
- मतदान के का लागि, मतदानको महत्व, मतदान प्रक्रिया वारेमा व्यापक प्रचार प्रसार गर्ने गराउने । यसरी प्रचारप्रसार गर्दा बहुसंख्यक जनसंख्याले बोल्ने मातृभाषामा समेत गर्ने गराउने ।
- निर्वाचनसँग सम्बन्धित ऐन, कानुन, निर्देशिका, कार्यविधी, आचारसंहिताका आधारभूत कुराहरू मतदाता र सम्बन्धित पक्षलाई समयमै सुसूचित गर्ने गराउने,
- निर्वाचनमा राजनीतिक दलहरूले बनाएका उम्मेदवारहरूको पृष्ठभूमि, उनीहरूलाई उम्मेदवार बनाउनुको कारण सहितको विवरण राजनीतिक दलहरूले समयमा नै नागरिकलाई सुसूचित गर्न लगाउने,
- लैङ्गिकता र समावेशीकरणको सिद्धान्तका आधारमा निर्वाचनमा उम्मेदवार बनाउँदा राजनीतिक दलहरूले के कति हदसम्म यस सिद्धान्तलाई अवलम्बन गरेका छन् भन्ने कुरा जनतामा सुसूचित गराउन लगाउने,

- सहज र भयरहित मतदान गर्न गरिएको निर्वाचन व्यवस्थापन र सुरक्षाको प्रत्याभूतिका सम्बन्धमा मतदातालाई आस्वस्त हुनेगरी सुसूचित गर्न गराउन लगाउने,
- सामाजिक वा सांस्कृतिक दृष्टिले पछाडि पारिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, तथा मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपांगता भएका व्यक्तिहरूमा निर्वाचन सम्बन्धी सम्पूर्ण सूचना पुग्ने सुनिश्चितता गर्ने,
- निर्वाचनमा स्वच्छता कायम राख्न र निर्वाचनमा हुने अनुत्पादक खर्चलाई नियन्त्रण गरी निर्वाचनलाई मर्यादित बनाउन राजनीतिक दलहरूले संकलन गरेको आर्थिक कोषको स्रोत र खर्चका विवरणहरू सही सत्य र यथार्थ जनतालाई समय मै सूचित गर्न लगाउने,
- नेपालको संविधानले व्यवस्था गरेको नेपाली नागरिकको सूचनाको हकमाथि निर्वाचनका क्रममा कुनै पनि तवरबाट अतिक्रमण नहुने व्यवस्था मिलाउने,
- मतदान गर्नु अघि मतदान गर्ने नागरिकलले मतदाता सूचीमा आफ्नो नाम भए/नभएको एकीन गर्नका लागि निर्वाचन आयोगको वेवसाईटमा मतदाता नामावली अद्यावधिक गर्नुपर्ने,
- निर्वाचनसम्बन्धी सामग्रीहरूको बन्दोबस्त, मानव स्रोतको व्यवस्थापन, आर्थिक अनुशासन, आचारसंहिताको पालना र उल्लंघनका घटना, निर्वाचन पर्यवेक्षकको व्यवस्थापन लगायतका निर्वाचनसँग सम्बन्धित विविध पक्षको सही सूचना समय नागरिक समक्ष प्रवाह गर्ने गराउने,
- निर्वाचन आयोगको वेवसाइट तथा सामाजिक संजाल नियमित रुपमा अद्यावधिक गर्ने गराउने,
- मिथ्या, भ्रमपूर्ण, गलत सूचना नियन्त्रण गर्न नेपाल सरकार तथा नियामक निकायहरूसँग समन्वय गर्ने गराउने ।
- सबै मतदातासँग आयोगको वेवसाइटमा पहुँच नहुन सक्छ । तसर्थ, निर्वाचनमा भाग लिएका प्रत्येक राजनीतिक दल वा तिनका प्रतिनिधिहरूलाई प्रत्येक बुथमा सम्बन्धित क्षेत्रका मतदाताको विवरण संलग्न मतदाता नामावलीको एक प्रति संलग्न कपी निःशुल्क उपलब्ध गराउन व्यवस्था मिलाउने,
- निर्वाचनको क्रममा पनि नेपालको संविधान र सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रदान गरेको सूचना माग्ने र पाउने हक प्रति सचेत रहने ।

**(ख) नेपाल सरकारका हकमा**

- निर्वाचनलाई स्वच्छ, निस्पक्ष र स्वतन्त्र रुपमा सम्पन्न गर्न गराउन नेपाल सरकारका सम्बद्ध निकायहरूको महत्वपूर्ण जिम्मेवारी रहने आयोगको ठहर रहेको छ ।
- निर्वाचनका सन्दर्भमा सार्वजनिक निकायहरूले जारी गर्ने सूचना समयमै सबै सर्वसाधारणले थाहा पाउने गरी प्रवाह गर्ने गराउने,

- मिथ्या, गलत, भ्रमपूर्ण सूचनाहरू उपर निगरानी राख्न नियमनकारी निकायहरूलाई सकृय बनाउने ।
- नेपालको संविधान र सूचनाको हकसम्बन्धी कानूनले प्रदान गरेको सूचना माग्ने र पाउने संवैधानिक हक निर्वाचनका क्रममा थप महत्वपूर्ण हुने हुँदा सार्वजनिक निकायहरूलाई सूचनाको हकप्रति संवेदनशील रहन सचेत गर्ने गराउने ।

**(ग) राजनैतिक दलको हकमा**

- राजनैतिक दलहरूले आफुले सार्वजनिक गर्नुपर्ने सम्बन्धित सूचना समय मै सर्वसाधारणले थाहा पाउने गरी प्रवाह गर्ने गराउने,
- राजनैतिक दलहरूले आफू संलग्न रहेको सामाजिक संजाल र संजालमा रहेको दलको नाम सार्वजनिक गर्ने गराउने ।

**(घ) सर्वसाधारण नागरिकको हकमा**

- कुनै पनि सूचना अधिकारिक निकायबाट जारी भएको हो कि होइन भनी यकिन गर्ने,
- आधिकारिक निकायबाट जारी नभएका प्रकाशन सामग्रीहरूको भर नपर्ने, विश्वास नगर्ने,
- भ्रामक, मिथ्या गलत सूचना प्रवाह भइरहेको जानकारीमा आए नियामक निकायमा जानकारी गराउने,
- सामाजिक संजालमा शेयर भएका सबै सूचनाहरू सत्य हुन्छ भन्ने हुँदैन । त्यस्ता सामग्री लाईक वा शेयर गर्नु अघि त्यस्तो समाचार सामग्रीको स्रोत विश्वसनीय र आधिकारिक भएको यकिन गर्ने,
- निर्वाचनको क्रममा पनि नेपालको संविधान र सूचनाको हकसम्बन्धी कानूनले प्रदान गरेको सूचना माग्ने र पाउने हकप्रति सचेत रहने ।

२०७९ बैशाख ७

कमला ओली थापा

सूचना आयुक्त तथा प्रवक्ता